आज मिति २०७७ श्रावन १६ गते शुक्रबारका दिन यस दार्मा गाउँपालिका अध्यक्ष श्री निमबहादुर के.सी.ज्यूको अध्यक्षतामा दार्मा गाउँ कार्यपालिकाको बैठक यस दार्मा गाउँपालिकाको कार्यालयमा बसि तपसिलका प्रस्तावहरुमा छलफल गरि देहाय बमोजिमका निर्णयहरु पारित गरियो ।

उपस्थिति :

| | |
|---|---|
| १. श्री निमबहादुर के सी | अध्यक्ष |
| २. श्री टीका शर्मा वली | उपध्यक्ष |
| ३. श्री अमृत खडका | निमित्त प्रमुख प्रशासकीय अधिकृत |
| ४. श्री कविकुमार चन्द | सदस्य |
| ५. श्री डिल्ली वहादुर के सी | सदस्य |
| ६. श्री सेतिराम रोकाहा | सदस्य |
| ७. श्री चन्द्रबहादुर रावत | सदस्य |
| ८. श्री राम वहादुर के सी | सदस्य |
| ९. श्री दुर्गा वहादुर मल्ल | सदस्य |
| १०. श्री सन्ताराम कामी | सदस्य |
| ११.श्री अमृता कामी | सदस्य |
| १२. श्री मञ्जु शाही | सदस्य |
| १३. श्री जुना मल्ल चन्द | सदस्य |
| १४. श्री देवी खत्री | सदस्य |
| १५. श्री धनीराम नेपाली | सदस्य |
| १६. शेरप्रसाद ढकाल | शिक्षा अधिकृत |
| १८. खुम बहादुर के. सी. | जिन्सी शाखा प्रमुख |
| १९. इन्द्र बहादुर भन्डारी | कानुनी सल्लाहकार |
| २०. रोमप्रसाद पान्डेय | |

<u>प्रस्तावहरु</u>

प्र.न. १ स्वयंसेवक शिक्षक परिचालन कार्यविधि सम्बन्धमा ।
प्र. नं. २ करार कर्मचारी व्यवस्थापन गर्न बनेको कार्यविधि ।
प्र.नं. ३ वडा पूर्नसंरचना सम्बन्धमा ।
प्र.नं. ४. बिद्यालय मर्जर तथा सुझाव समितिको प्रतिवेदन सम्बन्धमा ।
प्र.नं. ४ आन्त्रिक लेखा परिक्षक नियूक्त गर्ने सम्बन्धमा
प्र.नं. ५ करार सेवाको कर्मचारीको सम्झौता नविकरण गर्ने सम्बन्धमा ।
प्र.नं. ६ राहत वितरण सम्बन्धमा ।
प्र.नं. ७ श्रममा आधारित खाद्यान्न कार्यक्रम सम्बन्धमा ।
प्र.नं. ९ अपागं समन्वय समितिमा मनोनित सदस्य हेरफेर सम्बन्धमा ।
प्र.नं. १० विपद व्यवस्थापन समितिमा सदस्य समिति थप गर्ने सम्बन्धमा ।
प्र.नं. ११ बालुवा गिट्टी टेन्डर सम्बन्धमा ।
प्र.नं. १२ कोरोनामा खटिएका कर्मचारीको प्रोत्साहन सम्बन्धमा ।

<u>निर्णयहरु</u>

**निर्णय नं १ :** प्रस्ताव नं १ मा छलफल गर्दा बिधान समिति संयोजक श्री दुर्गा बहादुर मल्ल ज्यूले पेश भएको स्वयंसेवक शिक्षक परिचालन कार्यविधि२०७७ आवश्यक परिमार्जन गरि सर्वसहमतिबाट पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं २ :** प्रस्ताव नं २ मा छलफल गर्दा बिधान समिति संयोजक श्री दुर्गा बहादुर मल्ल ज्यूले पेश भएको करार कर्मचारी व्यवस्थापन गर्न बनेको कार्यविधि २०७७ परिमार्जन सहित सर्वसहमतबाट पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं ३ :** प्रस्ताव नं ३ मा छलफल गर्दा वडा पुर्नसंरचना गर्नको लागि सम्भाव्यता अध्ययन गर्नको लागि तपसिल अनुसारको शिक्षा शेरप्रसाद ढकालको संयोजकत्वमा तपसिल अनुसारको पाँच सदस्यीय वडा पुर्नसंरचना सम्भाव्यता अध्ययन समिति गठन सर्ने निर्णय गरियो ।

तपसिल

१. शेरप्रसाद ढकाल - सयोंजक
२. कमल बहादुर चन्द - सदस्य

३. टेकम चन्द - सदस्य
४.नरबहादुर नेपाली - सदस्य३.
५.सत्या आर.सी. - सदस्य

**निर्णय नं ४ :** प्रस्ताव नं ४ मा छलफल गर्दा .यस दार्मा गाउँ कार्यापालिकाको मिति २०७७ जेठ ३१ गतेको बैठकले सार्वजनिक विद्यालय समायोजन एवम् एकीकरण कार्यक्रम बमोजिम समायोजन गरेकोमा अभिभावकहरुबाट उक्त निर्णय पुन: विचारका लागि अनुरोध भएकोले सोही बमोजिम २०७७ साउन ०३ गतेको कार्यपालिका बैठकले शिक्षा शाखा प्रतिनिधि श्री रोमप्रसाद पाण्डेको संयोजकत्वमा तीन सदस्यीय विद्यालय समायोजन सुझाव समिति गठन गरि प्रतिवेदन पेश गर्न भनिएकोमा उक्त समितिले पेश गरेको

१.दिनदिप जनता प्राथामिक बिद्यालय दार्मा - ६ अंगेरनेटा

२. कमल प्राथमिक बिद्यालय दार्मा -४ कमलपोखरी

३.सरस्वती प्राथामिक बिद्यालय दार्मा - ५ भालुखोला

४. जनजागरण प्राथामिक बिद्यालय दार्मा -६ किमुटाकुरा

**निर्णय नं ५:** प्रस्ताव नं ५ मा छलफल गर्दा यस कार्यालय अन्तर्गत १ नं. वडा कार्यालयमा कार्यरत सहायक चौथो पदमा कार्यरत श्री घमण्ड वलीलाई आ. ब. २०७६।०७७ मा भएको खर्चको लेखा परिक्षणमा गर्ने गरि आन्तरिक लेखा परिक्षकको रुपमा नियुक्ति दिने निर्णय सर्बसहमतिबाट पारित गरियो

**निर्णय नं ६ :** प्रस्ताव नं ६ मा छलफल गर्दा यस कार्यालय र कार्यालय अन्तर्गत वडा कार्यालय, स्वास्थ्य चौकी, आधारभुत स्वास्थ्य केन्द्र र सामुदायिक स्वास्थ्य इकाइमा कार्यरत करारमा विभिन्न सेवा र पदमा कार्यरत कर्मचारीहरुको मिति २०७७।०४।०२ गते देखि लागु हुनेगरी कार्य सम्पादन मुल्याकंनमा आधारित करार सम्झौता गर्ने निर्णय सर्बसहमतिबाट पारित गरियो ।

**निर्णय नं ७ :** प्रस्ताव नं ७ मा छलफल गर्दा कार्यपालिकाको मिति २०७७।०४।०४ गतेको बैठकको निर्णय नं. १ अनुसार श्रममा आधारित खाद्यान्न कार्यक्रमको लागि सबै वडाबाट सिफारिस भई आएका तपसिल अनुसारको संख्यामा तपसिलको योजनाहरुमा काममा लगाउने निर्णय पारित गरियो

| क्र.स. | वडा नं. | काम गर्ने संख्या | योजनाको नाम |
|---|---|---|---|
| १ | १ | २५ | स्यालागाँउ र भदालेखोला सडकमा राख्ने |
| | २ | २३ | चैतेखोला र हिमालखोला जाली राख्ने |
| | ३ | २८ | फारुलावजारखोला र सतीपोले उकालो |
| | ४ | ३३ | खेतखोली र भाडेखोला जाली तथा ह्यूम पाइप राख्ने |
| | ५ | ३९ | भोपाल्ना र सिम्पलनेटा |

| | | | |
|---|---|---|---|
| | ६ | २७ | सिमाखोली गोठीवन भुर्तिवाङ र सतीपोले बाघखोर सडक |
| | जम्मा | १७५ | |

**निर्णय नं ८ :** प्रस्ताव नं ८ मा छलफल गर्दा कार्यपालिकाको मिति २०७७।०४।०४ गतेको बैठकको निर्णय नं. २ अनुसार सबै वडाबाट आएका राहत वितरणको सिफारिस भई आएका तपसिल अनुसारको संख्यामा तपसिलको मितिमा समाजिक र शारीरिक दुरी कायम गर्दै राहत वितरण गर्ने निर्णय पारित गरियो

| मिति | वडा नं. | राहत कोटा | कैफियत |
|---|---|---|---|
| २०७७।०४।२० | २ | ३१ | बिहान ११ बजे |
| | ३ | ३३ | |
| २०७७।०४।२१ | ४ | ३८ | |
| | ६ | ३३ | |
| २०७७।०४।२३ | ५ | २४ | |
| | १ | २२ | |
| | जम्मा | १८० | |

**निर्णय नं ९ :** प्रस्ताव नं ९ मा छलफल गर्दा अपागं समन्वयन समितिमा समितिका सदस्य श्री टेकम चन्द हालसम्म उपस्थिती नभएको र श्री सुविता के.सी. शिक्षक सेवा आयोगबाट स्थायी शिक्षक पदमा सिफारिस अन्यत्र गएको हुँदा दुबैलाई सदस्यबाट हटाइ तपसिल बमोजिमका २ जना सदस्य मनोनित गर्ने निर्णय गरियो ।

तपसिल

१. भिम बहादुर बि.क.

२. कमला सुनार

**निर्णय नं १० :** प्रस्ताव नं.१० मा छलफल गर्दा विपद व्यवस्थापन समितिमा रेडक्रस सोसाइटी दार्मा शाखाबाट श्री अनन्त प्रसाद शर्मालाई मनोनित गर्ने निर्णय गरियो ।

**निर्णय नं.११** - प्रस्ताव नं. ११ मा छलफल गर्दा यस दार्मा गाउँपालिका कार्यरत करार सेवाका कर्मचारीहरुलाई दार्मा गाउँपालिकाको प्रचलित नियमबमोजिम तलबभत्ता प्रदान गर्दै आएकोमा कोभिड १९ का कारण उत्पन्न असहज परिस्थितका कारण आर्थिक समस्या देखिएकोले चाडपर्व खर्च कटौती गर्ने निर्णय गरियो ।

**निर्णय नं.१२** - प्रस्ताव नं. १२ मा छलफल गर्दा विश्वमा महामारीको रुपमा फैलिएको कोरोना भाइरस covid 19 को रोकथाम तथा व्यवस्थापनमा खटिएका स्वास्थ्य कर्मीहरुलाई २५ प्रतिशतको दरले प्रोत्साहन भत्ता दिने निर्णय गरियो ।